नेपाल राजपत्र

भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २०] काठमाडौं, पौष १२ गते २०२७ साल [अतिरिक्ताङ्क ३२

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२७ सालको अध्यादेश नं. १

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रवल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर-विजयिनाम् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ब्रेटन उड्स सम्झौता ऐन, २०१८ लाई संशोधन गर्न बनेको अध्यादेश

प्रस्तावना:– ब्रेटन उड्स सम्झौता ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) लाई तत्काल संशोधन गर्न वान्छनीय भएको र हाल राष्ट्रिय पञ्चायतको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ५७ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ:– (१) यस अध्यादेशको नाम "ब्रेटन उड्स सम्झौता (संशोधन) अध्यादेश २०२७" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल ऐनको दफा २ मा संशोधन:– मूल ऐनको दफा २ को खण्ड (ग) मा "सम्झनुपर्छ" भन्ने शब्दहरू पछि "र सो शब्दहरूले कोषको सम्झौतामा हुने संशोधनहरूलाई समेत बुझाउँछ" भन्ने शब्दहरू थपिएको छ ।

यो दफा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मितिदेखि मात्र लागू हुनेछ ।

३. मूल ऐनको दफा ३ मा संशोधन:– मूल ऐनको दफा ३ को खण्ड (ख) पछि देहायको खण्ड (ग) थपिएको छ:–

(ग) कोष सम्झौताको प्रस्तावित संशोधन स्वीकार गर्ने र सो संशोधनद्वारा व्यवस्था गरिएको विशेष रकम झिक्ने अधिकारमा नेपाललाई भागिदार बनाउन मञ्जूरीको लिखत दाखिल गर्ने ।

४. मूल ऐनको दफा ४ मा संशोधन:– मूल ऐनको दफा ४ मा रहेको "अनुसूची १ र २ मा" भन्ने शब्द र अङ्कहरूको सट्टा "अनुसूची १, २ र ११ मा" भन्ने शब्द र अङ्कहरू राखिएको छ ।

५. मूल ऐनको दफा ८ मा संशोधन:– मूल ऐनको दफा ८ को सट्टा देहायको दफा ८ राखिएको छ :–

"८. कोष र बैङ्कको स्थिति, त्यसलाई छूट र विशेषाधिकारहरू:– (१) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोष र बैङ्कलाई कोष सम्झौताको अनुसूची ८ बमोजिमको धारा ९ र बैङ्क सम्झौताको अनुसूची ९ बमोजिमको धारा ७ मा लेखिएबमोजिमको स्थिति छूट र विशेषाधिकारहरू प्राप्त हुनेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोष सम्झौताको अनुसूची १२ बमोजिमको प्रस्तावित धारा २७ (बी) मा लेखिए-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२३६

बमोजिम विशेष रकम झिक्ने अधिकारहरूमा कोष सम्झौताको धारा ९ बमोजिम-को स्थिति छूट र विशेषाधिकारहरू प्राप्त हुनुको साथै सबै प्रकारको कर छूट हुनेछ ।"

६. मूल ऐनको दफा ९ पछि थपः– मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. र ९ ख. थपिएको छः–

"९ क. मुद्रा प्रदान गर्ने दायित्वः– श्री ५ को अर्थ मन्त्रीले श्री ५ को सरकारको तर्फबाट कोष सम्झौताको अनुसूची १३ बमोजिमको प्रस्तावित धारा २५ को दफा ४ मा लेखिएबमोजिम कोषले तोकेको अवस्थामा विशेष रकम झिक्ने अधिकारहरू प्रयोग गर्ने भागिदारलाई माग भएमा वास्तविक परिवर्त्य मुद्रा प्रदान गर्ने छ र त्यस्तो मुद्राको भुक्तानी श्री ५ को सरकारको संचित कोषबाट गरिनेछ ।"

"९ ख. प्रयोग गरिएको विशेष रकम झिक्ने अधिकारहरूको पुनःसंस्थापन गर्ने दायित्वः– श्री ५ को अर्थ मन्त्रीले श्री ५ को सरकारको तर्फबाट कोष सम्झौताको अनुसूची १४ बमोजिमको प्रस्तावित धारा २५ को दफा ६ (ए) मा लेखिएबमोजिम विशेष रकम झिक्ने अधिकारहरूको प्रयोग गरिएमा प्रयोग गरिए जति पुनः संस्थापन गराउनेछ र सो गराउँदा गर्नुपर्ने सबै भुक्तानी श्री ५ को सरकारको संचित कोषबाट गरिनेछ ।"

७. अनुसूची १० पछि अनुसूची ११, १२, १३ र १४ थपः– मूल ऐनको अनुसूची १० पछि यसै साथ संलग्न अनुसूची ११, १२, १३ र १४ थपिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएप्रति मात्र लागु हुनेछ।

अनुसूची ११

कोष सम्झौताको प्रस्तावित धारा २१

धारा २१ दफा १. विशेष रकम झिक्ने अधिकारलाई बाँडफाँड गर्ने अधिकारः– कायम रहेको संचित सम्पत्तिको पूरकको आवश्यकता भएमा सो पूर्ति गर्न विशेष रकम झिक्ने खातामा भागिदार भएका सदस्यहरूलाई विशेष रकम झिक्ने अधिकारहरूको बाँडफाँड गर्न कोषलाई अधिकार हुनेछ ।

धारा २१ दफा २. मूल्यको इकाईः– विशेष रकम झिक्ने अधिकारहरूको मूल्यको इकाई ७.८८८६७१ ग्राम विशुद्ध सुन बराबरको हुनेछ ।

कोष सम्झौताको प्रस्तावित धारा २२ दफा ३

धारा २२ दफा ३. अभिलेखन र सूचनाः– विशेष रकम झिक्ने अधिकारहरूको मौज्दात (होल्डिङ्गस) मा हुने सबै हेरफेर कोषले विशेष रकम झिक्ने खातामा अभिलेखन गरेपछि मात्र लागू हुनेछ। भागिदारहरूले विशेष रकम झिक्ने अधिकारहरूको प्रयोग यस सम्झौताको जुन उपबन्धको अन्तर्गत गरिएको हो त्यसको सूचना कोषलाई दिनेछन् । कोषले आफ्नो काम कारवाईको लागि आवश्यक सम्झौताको सूचनाहरू भागिदारहरूबाट पेश गराउन सक्नेछ ।

कोष सम्झौताको प्रस्तावित धारा २३ दफा १

धारा २३ दफा १. भागिदारहरूः– आफ्नो कानून अनुसार विशेष रकम झिक्ने खाताको भागिदारको सबै दायित्व बहन गर्ने मञ्जूरीको उल्लेख गरिएको विलेख कोषमा दाखिल गर्ने प्रत्येक सदस्य विलेख दाखिला गरेको मितिदेखि विशेष रकम झिक्ने खाताको भागिदार बन्नेछ। तर धारा २१ देखि ३२ सम्म र अनुसूची "एफ्" देखि "आई" सम्म लागू नभएसम्म र सम्पूर्ण कोटाको कमसेकम ७५ प्रतिशत भएका सदस्यहरूले यस दफा अन्तर्गत विलेख दाखिल नगरेसम्म कुनै सदस्य त्यस्तो भागिदार बन्ने छैन।

कोष सम्झौताको प्रस्तावित धारा २८

धारा २८ भागिदारहरूको सामान्य दायित्वः– यस सम्झौताका अरू धाराहरू अन्तर्गत विशेष रकम झिक्ने अधिकारहरूको सम्बन्धमा ग्रहण गरिएको दायित्वको अतिरिक्त विशेष रकम झिक्ने खाताको प्रभावकारी सञ्चालनलाई सुगम पार्न र यस सम्झौता अनुसार विशेष रकम झिक्ने अधिकारहरूको समुचित प्रयोगको लागि प्रत्येक भागिदारले कोष र अरू भागिदारहरूसित सहयोग गर्न स्वीकार गर्दछ ।

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

232

अनुसूची १२

कोष सम्झौताको प्रस्तावित धारा २७ (बी)

धारा २७ (बी):– यस सम्झौताको धारा ९ ❀ अन्तर्गत प्रदान गरिएको विशेषाधिकार र स्थिति, छूटहरूको अतिरिक्त विशेष रकम झिक्ने अधिकारहरूमा वा त्यसको काम कारवाई र व्यवहारमा कुनै कर लगाइने छैन ।

❀धारा ९ दफा १. धाराको उद्देश्यः– कोषलाई सुम्पेको काम पूरा गर्न कोषलाई समर्थ बनाउन यो धारामा दिइएको स्थिति, छूट र विशेषाधिकारहरू प्रत्येक सदस्यको प्रादेशिक क्षेत्रमा कोषलाई दिइनेछ ।

दफा २. कोषको स्थितिः– कोषको कानूनी मान्यता प्राप्त व्यक्तित्व हुनेछ र कोषलाई विशेषतः देहायको काम गर्ने अधिकार हुनेछः–

(१) ठेक्का लिने दिने,
(२) चल र अचल सम्पत्ति प्राप्त गर्ने वा विक्री गर्ने,
(३) कानूनी कारवाई गर्ने ।

दफा ३. अदालती कारवाईबाट छूटः– कोष, कोषको सम्पत्ति र जायज्यथालाई जुनसुकै ठाउँमा भए पनि र जोसंग रहेको भए पनि कुनै कानूनी कारवाईको प्रयोजनको निमित्त वा कुनै ठेक्काको शर्त मुताविक कोषले स्पष्ट रूपमा प्रकट गरी छूट त्याग गरेमा सो गरे जति बाहेक सबै किसिमको अदालती कारवाईबाट छूट हुनेछ ।

दफा ४. अरू कारवाईबाट छूटः– कोषको सम्पत्ति र जायज्यथालाई जुनसुकै ठाउँमा रहे पनि र जोसित रहे पनि कार्यकारिणी वा कानूनी कारवाईद्वारा खोजतलासी, अधिग्रहण, निस्स्वामीकरण वा अरू कुनै किसिमको पक्राउबाट छूट हुनेछ ।

दफा ५. अभिलेख गृह (आर्किभ्स) सम्बन्धी छूटः– कोषको अभिलेख गृह (आर्किभ्स) भित्र दखल गर्न सकिने छैन ।

दफा ६. जायज्यथामा प्रतिबन्ध नलाग्नेः– यस सम्झौताले दिएको कार्य सञ्चालन गर्न आवश्यक भएको हदसम्म कोषको सबै सम्पत्ति र जायज्यथामा कुनै किसिमको प्रतिबन्ध, नियम नियन्त्रण र मोराटोरिया लाग्ने छैन ।

दफा ७. लेखापढी गर्ने विशेषाधिकारः– सदस्यहरूले कोषको अफिसियल लेखापढीलाई अरू सदस्यहरूको अफिसियल लेखापढीलाई सरह नै व्यवहार गर्नेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा ८. अफिसर र कर्मचारीहरूको निमित्त छूट र विशेषाधिकारः– कोषको सबै गभर्नरहरू, कार्यकारी सञ्चालकहरू, अल्टरनेटहरू, अफिसरहरू र कर्मचारीहरूले,

(१) कोषले छूट त्याग गरेमा बाहेक अफिसियल हैसियतले गरेको काम कार्यहरूमा कानूनी कारवाईबाट छूट पाउनेछ ।

(२) स्थानीय नागरिक नभएमा, देशान्तरवास सम्बन्धी प्रतिबन्धहरू, विदेशीहरूको रजिष्ट्रेशन सम्बन्धी आवश्यकताहरू, राष्ट्रिय सेवासम्बन्धी दायित्वहरूबाट छूट र विनिमय प्रतिबन्धसम्बन्धी सुविधाहरू सदस्यहरूले अरू सदस्यहरूको सोही समान दर्जाका प्रतिनिधिहरू, अधिकारी वर्गहरू र कर्मचारीहरूलाई दिए सरह नै पाउनेछन् ।

(३) सदस्यहरूले अरू सदस्यहरूको लागि सोही समान दर्जाको प्रतिनिधिहरू, अधिकारी वर्गहरू र कर्मचारीहरूलाई दिए सरह नै भ्रमण सुविधा पाउनेछन् ।

दफा ९. करबाट छूटः–(क) कोष, यसको जायज्यथा सम्पत्ति, आम्दानी र यो सम्झौताद्वारा अधिकृत यसको सञ्चालन र कारोवारहरूलाई सबै किसिमको कर, सबै किसिमको भन्सार महसूलबाट छूट पाइनेछ । कर वा महसूल भुक्तानी वा असूल गर्ने दायित्वबाट पनि कोषले छूट पाउनेछ ।

(ख) स्थानीय नागरिक, स्थानीय प्रजा वा अरू स्थानीय राष्ट्रियता नभएका कोषका कार्यकारी सञ्चालकहरू, अल्टरनेटहरू, अफिसरहरू वा कर्मचारीहरूलाई कोषले दिने तलब र परिलाभमा कुनै पनि कर लिइने छैन ।

(ग) कोषले निकालेको दायित्व, सिक्योरिटी र त्यस उपरको लाभांश वा व्याज लगायतमा जोसित रहेको भए पनि कुनै किसिमको कर लिइने छैन ।

(१) यदि त्यसले सो दायित्व वा सिक्योरिटीलाई मात्र त्यसको सिर्जनाको कारणले फरक व्यवहार गरेको छ भने, वा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

280

(२) यदि त्यस्तो कर व्यवस्थाको निमित्त सम्पूर्ण अधिकार क्षेत्रीय आधार सो दायित्व वा सिक्योरिटी निकालिएको, भुक्तानी गर्नु पर्ने नगरिएको वा भुक्तानी गरिएको ठाउँ वा मुद्रा वा कोषले राखेको कुनै अफिस वा कारोबारको स्थान भएमा ।

दफा १०. धाराको प्रयोगः—प्रत्येक सदस्यले यो धारामा दिइएको सिद्धान्तहरूलाई आफ्नो कानून मुताबिक लागू गराउने उद्देश्यको निमित्त आफ्नो प्रादेशिक क्षेत्रभित्र आवश्यकतानुसारको कार्य गर्नेछ र आफूले गरेको कामको पूरा विवरणको सूचना कोषलाई दिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १३

कोष सम्झौताको प्रस्तावित धारा २५ को दफा ४

धारा २५ दफा ४ मुद्रा प्रदान गर्ने दायित्वः– यस धाराको दफा ५ ❀ अन्तर्गत कोषले तोकेको भागिदारले यस धाराको दफा २ (ए) अन्तर्गत विशेष रकम झिक्ने अधिकारहरू प्रयोग गर्ने भागिदारलाई माग भएमा वास्तविक परिवर्त्य मुद्रा प्रदान गर्नेछ। भागिदारको मुद्रा प्रदान गर्ने दायित्व उसको खुद संचित भागभन्दा बढी भएको विशेष रकम झिक्ने अधिकार त्यो देशको खुद संचित भागभन्दा दोब्बर बढी भएसम्म वा कोष र भागिदारको बीचमा मञ्जूरी भएबमोजिमको माथिल्लो हदसम्म मात्र सीमित रहनेछ। कुनै भागिदारले दिन अनिवार्य भएको वा मञ्जूरी भएबमोजिम माथिल्लो हदभन्दा बढी मुद्रा प्रदान गर्न सक्नेछ।

❀धारा २५ दफा ५ मुद्रा प्रदान गर्न भागिदार तोक्नेः– (ए) कोषले यस धाराको दफा २ (ए) र ४ को प्रयोजनको लागि विशेष रकम झिक्ने अधिकारहरूको निश्चित रकमको मुद्रा प्रदान गर्न भागिदारहरूलाई तोकी भागिदारहरूले आफ्नो विशेष रकम झिक्ने अधिकारहरू प्रयोग गर्न पाउने निश्चित गर्नेछ। निम्नलिखित सामान्य सिद्धान्तहरू र कोषले समय समयमा मानेका सिद्धान्तहरूको आधारमा तोक्ने काम हुनेछः–

(१) भुक्तानी संतुलन र सम्पूर्ण संचयको स्थिति पर्याप्त बलियो भएको भागिदारलाई तोक्न सकिनेछ। तर यसले बलियो सम्पूर्ण संचय स्थिति भएको कुनै भागिदारलाई त्यसको भुक्तानी संतुलनमा साधारण घाटा भए पनि तोकिनमा कुनै बाधा पार्ने छैन। भागिदारहरूलाई यस तरीकाले तोकिनेछ जसले उनीहरूमा पछि विशेष रकम झिक्ने अधिकारहरूका संतुलित विभाग विभाजन बढाउनेछ।

(२) यस धाराको ६ (ए) अन्तर्गत पुनः संस्थापन बढाउनलाई विशेष रकम झिक्ने अधिकारहरूको मौज्दातमा नकारात्मक संतुलन घटाउन र यस धाराको दफा ३ (ए) मा गरिएको आशा पूर्तिको असफलताको प्रभावलाई हटाउन भागिदारहरू तोकिन सकिने छन्।

(३) कोषले भागिदारहरूलाई तोक्दा साधारणतः (२) अन्तर्गत तोक्ने उद्देश्यको पूर्तिको लागि विशेष रकम झिक्ने अधिकारहरू प्राप्त गर्ने आवश्यकता भएकालाई अग्राधिकार दिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(बी) कोषले (ए) (१) अन्तर्गत भागिदारहरूमा पछि विशेष रकम झिक्ने अधिकारहरूको संतुलित विभाजन बढाउने उद्देश्य राखी अनुसूची 'एफ' वा तल (सी) अन्तर्गत जारी गरिएको तोक्ने सम्बन्धमा नियमहरू लागू गर्नेछ।

(सी) तोक्ने सम्बन्धमा नियमहरू उपर प्रथम तथा त्यसपछिको प्रत्येक मूल्य अवधिको अन्तमा पुर्नविचार हुनेछ र पुर्नविचारको परिणाम स्वरूप कोषले नयाँ नियमहरू जारी गर्न सक्नेछ। नयाँ नियमहरू लागू नभएमा पुर्नविचार गर्दाको समय लागू भएका नियम लागू भई रहनेछ।

धारा २५ दफा २ (ए) भागिदारहरूको बीचको व्यवहार:- कुनै भागिदारले यस धाराको दफा ५ अन्तर्गत तोकिएका कुनै भागिदारबाट बराबर रकमको मुद्रा प्राप्त गर्न आफ्नो विशेष रकम झिक्ने अधिकारहरूको प्रयोग गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची १४

कोष सम्झौताको प्रस्तावित धारा २५ को दफा ६ (ए)

धारा २५ दफा ६ (ए) पुनः संस्थापनः– आफ्नो विशेष रकम झिक्ने अधिकारहरू प्रयोग गर्ने भागिदारहरूले त्यसको आफ्नो मौज्दातको पुनः संस्थापनको अनुसूची 'जी' वा तल (बी) अन्तर्गत जारी गरिएको पुनः संस्थापनसम्बन्धी नियमहरूबमोजिम गर्नुपर्छ ।

लालमोहर सदर मितिः– २०२७।९।१२।१

आज्ञाले–
चूडामणिराज सिंह मल्ल
श्री ५ को सरकारको का. मु. सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।